बैठक संख्या: ३७।२०८१
बैठक मिति:२०८१।१२।३१ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।१२।३१ गते आइतबार दिनको १:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रौनियार | का.वा. वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: ३७।२०८१
बैठक मिति:२०८१।१२।३१ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| २ | श्री दिलिप चौधरी | [illegible] | |
| ३ | | | |
| ४. | | | |
| ५. | | | |

प्रस्तावहरु.

१.प्रस्ताव नं. १ : प्रदेश समपूरक अनुदान अन्तर्गत योजना माग सम्बन्धमा ।

२.प्रस्ताव नं. २ : विविध ।

निर्णयहरु

निर्णय नं.१

आर्थिक मामिला तथा योजना मन्त्रालय को च.न. १०११ मिति २०८१।१२।२१ गतेको प्राप्त पत्रानुसार आगामी आ.व. २०८२।०८३ मा प्रदेश समपूरक अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरूलाई जानकारी गरियो।

निर्णय नं.२(क)

भादगाउँ सिनुवारी बहुमुखी क्याम्पस रामधुनी न.पा. झुम्का सुनसरी को च.न. ०७२ मिति २०८१।०९।२२ को पत्रानुसार उक्त क्याम्पसको शौचालय निर्माणका लागि रामधुनी न.पा. र भादगाउँ सिनुवारी बहुमुखी क्याम्पस बिच मिति २०८१।०५।२५ गते भएको सम्झौता अनुसार सो निर्माण कार्य मिति २०८१।१०।१५ गते सम्म सम्पन्न गर्नु पर्ने तोकिएको हुँदा उक्त कार्य प्राविधिक कारणले सम्पन्न हुन नसकेको हुनाले मिति २०८२ जेष्ठ १५ सम्म म्याद थप गर्ने निर्णय गरियो ।



CamScanner

बैठक संख्या: ३७।२०८१
बैठक मिति:२०८१।१२।३१ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ख)**

रामधुनी नगरपालिका अन्तर्गत तपसिलका योजना संचालन गर्नका लागि नगरपालिकाको समपूरक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिलः**

१. वडा नं. ३ भकुन्डे चौक बलराम चौलागाँईको राइस मिल देखि पश्चिम उत्तर पट्टिको पक्की नाला निर्माण गर्न १० लाख ।

२. वडा नं. ७ तरहार चतरा मार्ग अन्तर्गत निमार्णाधिन कालोपत्रे सडकको थप कालोपत्रे पुरा गर्न १० लाख ।

३. वडा नं. ५ लर्डवुद्ध मार्ग इन्टरलक सम्पन्न गर्न १ लाख ।

४. वडा नं. २ धमौरी - शिवनगर जोड्ने दत्तकिच्चा खोला पुल निर्माण गर्नका लागि उक्त खोलामा DPR र माटो परिक्षण समेतको लागि १० लाख ।

५. वडा नं. २ र ५ मा रहेको शिवचोक शिवनगर जोड्ने बाटो RCC ढलान गर्नका लागि ७ लाख ।

६. वडा नं. ७ क्याप्टेन चौक देखि धरान जाने बाटो कालोपत्रे गर्न रु १० लाख ।

**निर्णय नं.२(ग)**

रामधुनी न.पा. वडा नं. ३ को च.न. १०९२ मिति २०८१।०८।२६ गतेको पत्रानुसार रामधुनी न.पा. को आ.व २०८०।०८१ को योजना तथा कार्यक्रम कार्यन्वयन अन्तर्गत यस रामधुनी न.पा. वडा नं. ३ को लक्षित कार्यक्म बालबालिकातर्फको बालमैत्री अवलोकन भ्रमण सम्बन्धी जम्मा १,००,०००।- बजेट रहेकोमा पेश्की बापत लिएको ५०% हुन आउने ५०,०००।- रकम लिई बाकी ५०% रकम समेत भुक्तानी नभएको हुँदा उक्त कार्यक्रमको पेश्की फछ्यौंट गरी बाकी रकम रु ५०,०००।- बालमैत्री समितिको सहजकर्ता हिमानी पौडेलको नाममा भुक्तानी गर्ने निर्णय गरियो ।

बैठक संख्या: ३७।२०८१
बैठक मिति:२०८१।१२।३१ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(घ)**

रामधुनी वडा नं. ४ का वडा सदस्य खगेन्द्र प्रसाद पौडेलले जन सहभागिता बापत रु ४९,०००।- बैंक दाखिला गरिसकेको र उक्त योजना विवाद का कारण सञ्चालन हुन नसकेकोले जनं सहभागिता बापतको धरौटी रकम खगेन्द्र प्रसाद पौडेलको नाममा फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं.२(ङ)**

रामधुनी नगरपालिका अन्तर्गत न्यायिक शाखाको HELP DESK मा दिपिका भट्टराईलाई न्यायिक सहजकर्ता सरह सेवा सुविधा पाउने गरि मिति २०८२ बौशाख १ गते बाट डोर हाजीरामा कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.२(च)**

रामधुनी नगरपालिका वडा नं. ५ मा चन्द्रकला भट्टराई - चापागाईलाई कार्यलय सहयोगि को रूपमा मिति २०८२ बौशाख १ गते बाट डोर हाजीरामा कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं.२(छ)**

रामधुनी आदर्श विद्यालय रामधुनी ५ सुनसरी को च.न. ५४ मिति २०८१।१२।२७ गतेको प्राप्त पत्रानुसार उक्त विद्यालयको झ्याल ढोका भर्याङ आदिमा ग्रिल, रेलिङ साथै नयाँ शैक्षिक सत्रका लागि डेस्क बेन्च निर्माणको खर्च रकम रु ३,८६,४२३।८२ विद्यालयको खातामा मर्मत सम्भार शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२(ज)**

तामाङ्ग रामधुनी नगर समिति रामधुनी ५ सुनसरी को मिति २०८१।१०।०९ गतेको माग पत्रानुसार तामाङ्गहरूको संकार, संस्कृति, परम्परा झल्किने गरि नगर स्तरीय विशेष कार्यक्रम गरेको हुनाले उक्त कार्यक्रमका लागि आर्थिक सहयोग बापत रकम रू २०,०००।- आर्थिक सहायता शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

बैठक संख्या: ३७।२०८१
बैठक मिति:२०८१।१२।३१ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(झ)**

नगरपालिकाले रामधुनी नगरपालिका वडा नं. १ हाटखोलामा निर्माण गरेका दुइवटा टहराहरु भाडामा लगाउने विषयमा छलफल गर्दा देहायका व्यक्तिहरुको निवेदन परेकोमा देहाय बमोजिम हुने गरि भाडामा लगाउने निर्णय गरियो ।

**देहाय:**

निवेदकहरु :

१. विमला देवी खत्वे

२. गणेश साह

३. विशाल चौधरी

४. विदुर कुमार साह

५. मोहन कुमार खत्री

उल्लेखित निवेदकहरु मध्ये विदुर कुमार साहलाई झुम्केश्वर मन्दिरको सटर खाली गरि बाटो निर्माण गर्न सहयोग गरेवापत निर्माण भएको दक्षिण पट्टिको सटर भाडामा दिने तथा विमलादेवी खत्वेले पहिले देखी नै उक्त स्थानमा चिया पसल सञ्चालन गर्दै आएकोले उत्तर पट्टिको सटर विमलादेवी खत्वेलाई भाडामा दिनका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(य)**

रामधुनी नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका इग्राही पोखरी लगायत हाल सम्म ठेक्का नलागेका पोखरीहरुको लगत संकलन गरी अषाढ महिना भित्र ठेक्का लगाउने गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.२(ट)**

रामधुनी वडा नं. ७ मा रहेको पंचायन सिरा थान मन्दिरको लागि पुजा आजा का लागि आर्थिक सहायता बापत रकम रू ३५,०००।- आर्थिक सहायता शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

CamScanner

बैठक संख्या: ३७।२०८१
बैठक मिति:२०८१।१२।३१ दिनको १:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

## निर्णय नं.२(ठ)

जेष्ठ नागरिक सरोकार समूह जिल्ला कार्य समितिको माग निवेदन अनुसार उक्त समितिको भ्रमण बापत आएको बिल बमोजिमको रकम रू ५०,०००।- आर्थिक सहायता शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं.२(ड)

रामधुनी न.पा. वडा नं. ५ को च.न. १९०२ मिति २०८१।१२।२१ को पत्रानुसार थारू कल्याणकारि भवन जाने बाटोको पूर्व शाखा बाटोहरूमा कलभट निर्माण कार्यको लागि फलामे डन्डी वडा स्तरिय बजेट बाट सिफारिस भए बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।